बुढीगंगा गाउँपालिका स्थानीय राजपत्र

खण्डः ५ संख्याः ७ प्रकाशन मितिः २०८०।०३।२१

# बुढीगंगा गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन, २०८०

सभाबाट पारित मितिः २०८०।०३।०९

प्रमाणिकरणा तथा स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८०।०३।२१

**प्रस्तावनाः**

बुढीगंगा गाउँपालिकाको र देश विकासको लागि सबै बालबालिका र युवाका लागि उच्च गुणस्तरको जीवन पर्यन्त सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसांधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस गाउँपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भईरहेका आधारभूत तथा माध्यमिक विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार आधारभुत तथा माध्यमिक शिक्षाको व्यवस्था गर्न बुढीगंगा गाउँ पालिकाको गाउँ सभाले यो ऐन जारी गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम "बुढीगंगा गाउँपालिकाको शिक्षा ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन बुढीगंगा गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्दछ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "प्राथमिक शिक्षा" भन्नाले साविकको कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) "निम्न माध्यमिक शिक्षा" भन्नाले साविकको कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ

(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(च) "उच्च माध्यमिक शिक्षा" भन्नाले साविकको कक्षा एघार देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ

(छ) "गाउँपालिका" भन्नाले बुढीगंगा गाउँपालिका सम्झनु पर्छ ।

(ज) "कार्यपालिका" भन्नाले बुढीगंगा गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(झ) "गाउँसभा" भन्नाले बुढीगंगा गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ञ) "प्रमुख प्रशासकीय" अधिकृत भन्नाले गाउँपालिकाको प्रशासकीय कार्य गर्न खटिएको कार्यालय प्रमुख भन्ने सम्झनुपर्दछ ।

(ट) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ड) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ढ) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ण) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(त) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(थ) "शिक्षा शाखा"भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनुपर्छ ।

(द) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रूपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई सम्झनुपर्दछ ।

(ध) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(न) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(प) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी अनुमतिलाई जनाउँछ ।

(फ) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ब) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(भ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(म) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(य) “प्रारम्भिक बालशिक्षा” भन्नाले तीन बर्ष पुरा भएका पाँच वर्ष पूरा नभएका बालबालिकालाई दिइने एक देखि दुई वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(र) “शिक्षक किताबखाना” भन्नाले सङ्घीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक किताबखानालाई सम्झनुपर्छ।

(ल) “शिक्षक सेवा आयोग” भन्नाले सङ्घीय कानुन बमोजिम गठन भएको शिक्षकहरूको नियुक्ति सिफारिस आदि गर्ने आयोगलाई सम्झनुपर्छ ।

(व) “शिक्षा समिति” भन्नाले स्थानीय तहले गठन गरेको दफा ९ अनुसारको शिक्षा सम्बन्धी काम गर्ने समिति सम्झनुपर्छ ।

(श) “शुल्क” भन्नाले विद्यालयले यस ऐन बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्कलाई सम्झनुपर्छ ।

(ष) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(स) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(ह) "समुदायद्वारा सञ्चालित विद्यालय" भन्नाले दफा ७ बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापनको जिम्मा लिएको सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(क्ष) "सामुदायिक शिक्षक" भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकार तथा स्थानीय सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दी अन्तर्गत नियुक्त भएको शिक्षकलाई सम्झनुपर्छ ।

(त्र) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनुपर्छ ।

(ज्ञ) "सङ्घीय शिक्षा ऐन" भन्नाले सङ्घीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ज्ञ१) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी दफा ३ बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ।

(ज्ञ२) "सामुदायिक विद्यालय" भन्नाले सरकारी अनुदान वा पछि अनुदान पाउने गरी समुदायको सहयोगमा सञ्चालन गर्ने गरी दफा ३ बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ ।

(ज्ञ३) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा १८ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै मात्र सम्झनुपर्दछ ।

(ज्ञ४) "विद्यालय व्यवस्थापन समिति" भन्नाले दफा १८ बमोजिम गठन भएको समिति सम्झनुपर्दछ ।

(ज्ञ५) "संघीय कानुन" भन्नाले संघीय संसदले बनाएको कानुन सम्झनुपर्दछ ।

(ज्ञ६) "प्रदेश कानुन" भन्नाले प्रदेशसभाले बनाएको कानुन सम्झनुपर्दछ ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा अनुसूची १ बमोजिमको ढाँचामा बिवरण खुलाई गाउँपालिकाको शिक्षा शाखामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गरी प्रतिवेदन सहित शिक्षा समितिमा पेश गर्नेछ उक्त विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिले कार्यपालिकामा पेश गर्नेछ । गाउँकार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिनेछ ।

(३) धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछः

(क) माध्यमिक विद्यालय कक्षा ११-१२ का लागि नौ लाख रूपैयाँ,

(ख) माध्यमिक विद्यालय कक्षा १-१० का लागि सात लाख रूपैयाँ,

(ग) आधारभूत विद्यालय कक्षा १-८ का लागि चार लाख रूपैयाँ,

(घ) आधारभूत विद्यालय कक्षा १-५ का लागि दुई लाख रूपैयाँ,

(ङ) प्रारम्भिक बाल शिक्षा केन्द्रका लागि पचास हजार रूपैयाँ

(४) धरौटी रकम जम्मा गरीनेः विद्यालयले उपदफा (३) बमोजिमको धरौटी बापतको रकम शिक्षा शाखाले तोकिदिएको बैंकमा विद्यालयको नाममा मुद्दति खातामा नियमानुसार जम्मा

गर्नुपर्नेछ । त्यस्तो धरौटी रकम गाउँ शिक्षा समितिको अनुमतिबिना बैंकबाट झिक्न तथा चलाउन पाइने छैन ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा प्रमुख प्रशासकीय अधिकृतले सो निवेदन उपर शिक्षा शाखा मार्फत आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(७) उपदफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन —

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ —

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्ट) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवन कालमै वा शेष पछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(१०) यस अघि कार्यापालिकाबाट सार्वजनिक शैक्षिक गुठीको रुपमा अनुमति पाइ सन्चालन भएका गुठी विद्यालयले तोकिएको शर्त वन्देज पालना नगरेको पाइएमा शिक्षा समितिको सिफारिसमा जुनसुकै वखत उक्त विद्यालयको अनुमति कार्यपालिकाले रद्द गर्न सक्नेछ ।

(११) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

तर नेपाल सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै वेला बन्द गर्न सक्नेछ ।

(१२) विद्यालयको सञ्चालन तोकिए वमोजम हुनेछ ।

४. **परीक्षाको सञ्चालनः**

(१) आधारभूत तह उत्तिर्ण परीक्षाको सञ्चालन गर्न तपसिल बमोजिमको एक परीक्षा सन्चालन तथा व्यवस्थापन समिति हुनेछ ।

क) गाउँपालिकाको अध्यक्ष संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ग) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुबाट उपलब्ध भएसम्म कम्तिमा १ जना महिला पर्ने गरी परीक्षा समितिले मनोनित गरेका २ जना सदस्य

घ) शिक्षा शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा १ बमोजिम गठन भएको समिति सम्वन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ । समितिले कार्य सम्पादनका लागि आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

५. **माध्यमिक शिक्षाको प्रकारः**

(१) माध्यमिक शिक्षाका प्रकार देहाय बमोजिमका हुनेछन्ः—

(क) साधारण माध्यमिक शिक्षा ।

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः-**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. **शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः-**

विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न सक्नेछ । यस ऐन जारी हुनु अघि कार्यपालिकाबाट स्वीकृत भई लागू भएको स्थानीय पाठ्यक्रम यसै ऐन बमोजिम भएको मानिनेछ ।

**९. गाउँ शिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः

(क) गाउँपालिकाको अध्यक्ष —अध्यक्ष

(ख) गाउँ सभाका सदस्यहरु मध्येबाट कम्तिमा २ जना महिला सहित गाउँ कार्यपालिकाले तोकेका ४ जना– सदस्य

(ग) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको १जना — सदस्य

(घ) समाजसेवी वा शिक्षा प्रेमी तथा शिक्षाविदहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका एक जना— सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका एकजना— सदस्य

(छ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्ये गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना — सदस्य

(ज) गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(झ) शिक्षक महासंघको अध्यक्ष वा अध्यक्षले प्रतिनिधित्व गर्न असमर्थ भएमा महासंघले तोकेको सदस्य एक जना – सदस्य

(ञ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख —सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ ।निजहरु पुनः मनोनित हुन सक्नेछन् ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि गाउँ शिक्षा समितिले हटाउन वा वर्खास्त गर्न सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका विद्यालयहरुको लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, शिक्षक दरबन्दी मिलान गर्ने लगायत सम्पूर्ण कार्य गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित वनाउन सहयोग गर्ने ।

(ङ) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(छ) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ज) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(झ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(ञ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन, सरुवा, पदस्थापन र मूल्याकंन सम्वन्धी कार्य गर्ने ।

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ड) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने ।

(ढ) परीक्षा सन्चालनका लागि विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(ण) अन्य तोकिए वमोजिमका कार्यहरु गर्ने ।

**१०. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः**

(१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने गराउने,

ख. गाउँ कार्य सम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

ग. कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने ,

घ. गाउँको उत्कृष्ट शैक्षिक उपलव्धिका लागि शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख सँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धिपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने ,

ङ. शिक्षा शाखासँग समन्वय गरी विद्यालयहरूको लेखा परीक्षणको व्यवस्था मिलाउने

च. शिक्षा सम्बन्धी कुनै प्रस्ताव कार्यपालिका वा सभा समक्ष पेश गर्नु पर्ने भएमा सो गर्ने गराउने ,

(२) प्रमुख प्रशासकीय अधिकृतले माथि उल्लेखित अधिकारहरु मध्ये केहि वा सबै अधिकार शिक्षा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**११. शिक्षा अधिकृत / शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकारः**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा अधिकृत/ शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. गाउँ कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

ख. शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँ कार्य पालिकामा पेस गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेस गर्ने,

ग. शिक्षा सम्बन्धी गाउँ स्तरीय योजना बनाई शिक्षा समितिमा स्वीकृतिको लागि पेस गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

घ. स्थानीय तहको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको असार मसान्त भित्र प्रकाशित गर्ने,

ङ. स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

च. विद्यार्थी सङ्ख्या घट्न गई वा तह नै घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्ने प्रस्ताव शिक्षा समितिमा पेस गर्ने,

छ. स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी गर्न लगाई प्रतिवेदन तयार गरी शिक्षा समितिमा पेस गर्ने,

ज. शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक,प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, तालिम वा गोष्ठी सञ्चालन गर्ने,

झ. आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको सदस्य सचिव भई कार्य गर्ने,

ञ. विद्यालयको कक्षा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच , विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

ट. गाउँपालिका भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरूको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने

ठ. यस ऐन तथा प्रचलित अन्य ऐन नियम बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालयको तह घटाउनु वा बन्द गर्नुपर्ने भएमा तत् सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने ,

ड. आधारभूत तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानुन बमोजिम संशोधन गर्ने वा गर्नका लागि सिफारिस गर्ने ,

ढ. नयाँ नियुक्ति वा बढुवा भई आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

ण. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

त. शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

थ. विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,

द. मन्त्रालयले तोकिदिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूको समूह विभाजन गरी निरीक्षण क्षेत्र निर्धारण गर्ने र विद्यालय निरीक्षकबाट विद्यालयको नियमित निरीक्षण गराउने, शिक्षकहरुको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने गराउने,

ध. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

न. सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा प्रस्ताव पेस गर्ने,

प. निरीक्षकलाई विद्यालय निरीक्षणको सूचक बनाई निरीक्षण गर्न पठाउने र निरीक्षकले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न

स्थलगत निरीक्षण गर्ने र सोको प्रतिवेदन शिक्षा समितिमा पेस गर्ने ।

फ. गाउँपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

ब. विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

भ. विद्यालयमा लागु गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

म. प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी विद्यालयहरूको लेखा परीक्षणको व्यवस्था मिलाउने ,

य. लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फर्छ्यौट गर्न लगाउने र सो सम्बन्धी प्रतिवेदन समितिमा पेस गर्ने ।

र. सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

ल. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

व. विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने र त्रैमासिक प्रतिवेदन पेस गर्ने ।

श. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने, गराउने,

ष. सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

स. स्वीकृत मापदण्ड र कार्यविधिको आधारमा शिक्षकको सरुवाको प्रस्ताव समितिमा पेस गर्ने,

ह. कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरूलाई पुरस्कार तथा दण्डका लागि शिक्षा समिति समक्ष सिफारिस गर्ने,

क्ष. निजी, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि शिक्षा समिति समक्ष सिफारिस गर्ने,

त्र. गाउँकार्यपालिका, राष्ट्रिय परीक्षा बोर्ड, मन्त्रालय तथा शिक्षासँग सम्बन्धित आयोगहरूबाट प्रत्यायोजित अन्य कार्य गर्ने ।

ज्ञ. शिक्षा शाखा सम्वन्धी व्यक्तिगत फायल, कागजात, लगत अभिलेख सुरक्षित रुपमा राख्ने ।

ज्ञ१. शिक्षा शाखाको बार्षिक बजेट तर्जुमा गरी स्वीकृतीका लागि पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

**१२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१३. अध्यापन अनुमतिपत्र लिनु पर्नेः**

नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा काम गर्ने शिक्षकले नियमानुसार अध्यापन अनुमतिपत्र लिनु पर्नेछ ।

**१४. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिईदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूचकको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिन सक्नेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न समेत सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१५. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**१६. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम उपलव्ध गराउन सक्नेछ ।

**१७. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः**

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना —सदस्य

(ख) सम्बन्धित वडाको अध्यक्ष वा वडा समितिले सिफारिस गरेको वडा सदस्य एकजना — सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेखनीय सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना— सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एकजना — सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक —सदस्य—सचिव

(च) माथि उल्लेखित सदस्यहरु मध्येबाट खण्ड क, (ख), (ग) र मध्येबाट छानेको व्यक्ति —अध्यक्ष

(छ) विद्यालय स्तरीय बाल क्लबको अध्यक्ष —आमन्त्रित सदस्य

(२) प्राविधिक र व्यावसांयिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग आवद्धहरुमध्ये गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य रहनेछ ।

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावकहरु सदस्य रहनेछन् ।

(४) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनार्थ शिक्षा शाखा प्रमुखको संयोजकत्वमा सम्वन्धित वडाको वडाध्यक्ष सदस्य र विद्यालयको प्रधानाध्यापक सदस्य सचिव रहने गरी ३ जनाको छनौट सहयोग समिति रहनेछ र सो समितिले विद्यालयको व्यवस्थापन समति गठन सम्वन्धी सम्पूर्ण कार्य गर्नेछ । उपदफा (५) बमोजिमको समितिले विद्यालय व्यवस्थापन समिति सर्वसहमत रुपमा छनौट गर्नुपर्नेछ ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित भएका व्यक्ति —अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक महिला सहित दुईजना—सदस्य

(ग) वडा समितिले पठाएको वडा प्रतिनिधि —सदस्य

(घ) शिक्षा अधिकृत वा निजले तोकेको व्यक्ति— सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना —सदस्य

(च) विद्यालयको प्रधानाध्यापक —सदस्य सचिव

(७) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन बर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(८) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने/गराउने

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक पदको लागि योग्य

उम्मेदवारलाई अध्यापक तथा गाउँपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;

(झ) गाउँपालिकाबाट खटिइ आएका लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई विभागीय कारवाही गर्ने;

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा गाउँ पालिकाले तोकेको पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँ पालिकावाट जारी शिक्षाक्षेत्रसंग सम्बन्धित सवै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने;

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ट) शिक्षक तथा कर्मचारीहरुको ब्यक्तिगत विवरण गाउँपालिकाको शिक्षा शाखामा बुझाउने ।

(१०) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१९. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको पाइएमा गाउँ शिक्षा समितिले सोको कारण खुलाइ त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

विद्यालय व्यवस्थापन समितिको अवधि गठन भएको मितिले ३ वर्षको हुनेछ भने अस्थायी विद्यालय ब्यवस्थापन समितिको म्याद बढीमा ३ महिनाको हुनेछ ।

(३) यो ऐन जारी हुनु भन्दा अगाडि गठन भएका विद्यालय व्यवस्थापन समिति यसै ऐन अन्तरगत गठन भएको मानिनेछ ।

**२०. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः—

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२१. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**२२. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने**

गाउँपालिकाले हाल सञ्चालन भइरहेका ३० मिनेटको हिंडाईको दुरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**२३. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँ पालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँ पालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**२४. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२५. अनुमति वा स्वीकृति रद्द गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**२६. विद्यालयको वर्गीकरणः**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**२७. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**२८. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन बाधा पर्ने छैन ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण गर्नको लागि तपसिल बमोजिमको शुल्क निर्धारण समिति रहनेछः

क. गाउँपालिकाको अध्यक्ष — संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग. गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक — सदस्य

घ. संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट कम्तिमा १ जना महिला पर्ने गरी शिक्षा समितिले मनोनित गरेका ३ जना — सदस्य

ङ. शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(८) उपदफा (७) बमोजिमको समितिले शैक्षिक सत्र सुरु हुनु अगावै शुल्क निर्धारण गरिसक्नु पर्नेछ । सो समितिबाट निर्धारण भएको शुल्क सबै संस्थागत विद्यालयहरुले लागू गर्नुपर्नेछ । समितिले शुल्क निर्धारण गर्दा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा गर्नेछ ।

(९) उपदफा (७) बमोजिमको समितिको बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(१०) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएको पुष्टि भएमा गाउँ शिक्षा समितले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(११) यस ऐन विपरीत तथा समितिले तोकेको भन्दा बढी शुल्क लिने विद्यालयलाई गाउँपालिकाले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२९. शिक्षक युनियन, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछः—

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक तथा लागु पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा,

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँ

कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु अघि मनासिव स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

**स्पष्टिकरणः**

यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

**३०. प्रधानाध्यापक तथा शिक्षकलाई प्रोत्साहन, उत्प्रेरणा, जरिवाना तथा विभागीय सजायः**

(१) शिक्षक र प्रधानाध्यापकको सेवा र सुविधा संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन जारी भएपश्चात गाउँपालिकाले विद्यालयका प्रधानाध्यापक/शिक्षक/कर्मचारीलाई देहायबमोजिमका उत्कृष्ट कार्य गरेवापत देहाय बमोजिम प्रोत्साहन तथा उत्प्रेरणा सम्वन्धी व्यवस्था गर्न सक्नेछः

(क) सामुदायिक विद्यालयको गुणस्तर सुधारको लागि सार्वजनिक विदाका दिनमा तथा विद्यालय समय भन्दा अघि पछि समेत विद्यालयमा उपस्थित भइ विद्यार्थीहरुलाई अतिरिक्त कक्षाको व्यवस्था गरेमा साथै सोही बमोजिम शैक्षिक सामग्री निर्माण गरी शैक्षिक सामग्री बैंक स्थापना गरेमा ।

(ख) शिक्षा सम्वन्धी नविनतम ज्ञान, प्रविधि तथा शिक्षण विधिको विकास गरी आधुनिक सूचना प्रणालीको दैनिक प्रभावकारी प्रयोगका माध्यमबाट विद्यार्थीको विषयगत सिकाइ उपलब्धि प्रत्येक वर्ष ५ अंक भन्दा वढीका दरले बृद्दि गरेमा ।

(ग) विद्यालयको व्यवस्थापन समिति, समुदाय, शिक्षक तथा कर्मचारी वीचको सुमधुर सम्वन्ध विकास गरी विद्यालयमा विद्यार्थीहरुको उपस्थिति उल्लेख्य बृद्धि गर्नुका साथै विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षलाई सुचकको आधारमा सर्वोत्कृष्ट बनाएमा ।

(घ) माथि उल्लेखित कार्य गर्ने प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीलाई गाउँ शिक्षा समितिले सुचक बनाइ सो को मूल्याकंन गरी वार्षिक रुपमा निजहरुले खाइपाइ आएको ग्रेड रकममा बढीमा २ ग्रेड थप गर्नका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(ङ) गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले देहाय (घ) अनुसार ग्रेड रकम उपलब्ध गराउन सक्नेछ ।

(३) सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षक/कर्मचारीलाई देहायको कार्य गरेमा विभागीय सजाय देहाय अनुसार गर्न सकिनेछ।

(क) सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षक/कर्मचारीले सरकारी रकमको दुरुपयोग गरेको व्यहोरा पुष्टि भएमा गाउँ शिक्षा समितिले निजलाई दुरुपयोग गरेको रकम असुल उपर गरी पदबाट वर्खास्त गर्न गाउँकार्यपालिकामा सिफारिस गर्नेछ ।

(ख) गाउँ शिक्षा समितिले यस ऐन बमोजिम सरुवा गरी पठाएको शिक्षकले ७(सात) दिन भित्र खटाइएको विद्यालयमा हाजिर हुन नगएमा प्रमुख प्रशासकीय अधिकृतले निजले खाइपाइ आएको तलबको २ ग्रेड रकम कट्टा गर्न सक्नेछ ।

(ग) सरुवा भएको शिक्षकलाई नियमानुसार रमाना नदिने प्रधानाध्यापकलाई प्रमुख प्रशासकीय अधिकृतले २ ग्रेड रकम कट्टा गर्न सक्नेछ ।

(घ) नियमानुसार रमाना भइ आएको शिक्षकलाई प्रधानाध्यापक तथा व्यवस्थापन समितिले ३ दिन भित्र हाजिर नगराएमा गाउँ शिक्षा समितिले उक्त दरबन्दी कट्टा गरी अर्को विद्यालयमा वितरण गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सजाय गर्दा मनासिव सुनुवाईको मौका दिइने छ ।

(५) उपदफा (३) बमोजिम सजाय भएमा सोको जानकारी सम्बन्धित विद्यालय, शिक्षक कितावखाना र शिक्षा हेर्ने सम्बन्धित प्रदेश मन्त्रालयलाई समेत दिनु पर्ने छ ।

**३१. स्थायी आवासीय अनुमति लिन नहुनेः**

(१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन ।

(२) स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३२. शैक्षिक योग्यताः**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३३. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३४. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, विपद् व्यवस्थापन सम्वन्धी कार्य वा नेपाल सरकार र गाउँपालिकाले तोकेको शिक्षकलाई काजमा वा अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३५. अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः**

(१) यस ऐनको दफा २८ को उपदफा (२) र दफा २९ को उपदफा (३),(क) मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक तथा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३६. शिक्षकको पदपुर्ति तथा सरुवाः-**

(१) स्थायी शिक्षकको पदपूर्ति संघीय कानून बमोजिम हुनेछ । करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा देहाय अनुसार हुनेछ ।

(क) विद्यालयमा रिक्त स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु परेमा व्यवस्थापन समितिले गाउँपालिका मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशन गरिएको सूचीबाट विज्ञापन माग गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम माग गरेको सूची प्राप्त भएमा योग्यता प्रणालीको आधारमा पहिलो उमेद्वारलाई व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ । एक शैक्षिक सत्र पछि पनि स्थायी पदपुर्ति नभएमा पदपुर्ति नभए सम्मका लागि ६ महिनाका दरले म्याद थप गर्न सक्नेछ।

(ग) खण्ड (क) बमोजिम आयोगबाट प्रकाशित सूचिका उमेद्वारबाट पदपुर्ति हुन नसकेमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रका लागि योग्यता पुगेका व्यक्तिलाई खुला परीक्षाको माध्यमबाट करारमा नियुक्त गर्न सक्नेछ ।

(घ) खण्ड (ग) बमोजिम करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि देहाय बमोजिम एक शिक्षक छनौट समिति रहनेछ ।

१) सम्वन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको व्यवस्थापन समितिको सदस्य – संयोजक

२) शिक्षा शाखा प्रमुख –सदस्य

३) शिक्षा शाखा प्रमुखले मनोनित गरेका सम्वन्धित विषयका विषयविज्ञ २ जना–सदस्य

४) सम्वन्धित विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(२) शिक्षक सरुवा सम्वन्धी व्यवस्थाः

(क) कुनै शिक्षकले सरुवाको लागि शिक्षा शाखामा आवेदन दिएमा दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँ पालिका भित्रको कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिले तोकिए

बमोजिमको प्रकृया अपनाइ रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरिसकेको शिक्षकलाई शिक्षा शाखाको सिफारिसमा गाउँ शिक्षा समितिले आफ्नो गाउँपालिका भित्रका जुनसुकै विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(ग) अन्तरपालिका तथा जिल्लान्तर सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँपालिकाले सरुवाको लागि सहमति दिन सक्नेछ ।

(घ) संघीय शिक्षा ऐन बमोजिम न्यूनतम दरबन्दी उपलब्ध नभएका विद्यालयमा गाउँपालिकाले सेवा शर्त तोकि आवश्यकताका आधारमा विषयगत शिक्षक परिपुर्तिका लागि विद्यालयलाई अनुदान उपलब्ध गराउन सक्नेछ।

**३७. दरवन्दी मिलानः**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँ शिक्षा समितिको निर्णयबमोजिम प्रकृया पूरा गरी शैक्षिक सत्रको सुरु हुनु अगाडि दरबन्दी मिलान तथा व्यवस्थापन गर्नु पर्नेछ ।

**३८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँ पालिकाको

प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक गरी एक प्रति गाउँपालिकामा समेत पेश गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**३९. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः**

(१) यस ऐनमा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**४०. प्रधानाध्यापक शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयको प्राज्ञिक,व्यवस्थापकीय तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

(३) प्रधानाध्यापकको पदपुर्ति सम्वन्धी व्यवस्थाः

(क) विद्यालय व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि प्राथमिक तहको प्रधानाध्यापकको हकमा मान्यताप्राप्त विद्यालय वा विश्वविद्यालयबाट कम्तीमा कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह, निम्न माध्यमिक तहको प्रधानाध्यापकको हकमा कम्तीमा स्नातक तह वा सो

सरह र माध्यमिक तहको प्रधानाध्यापकको हकमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरूमध्येबाट कम्तीमा १५ (पन्ध्र दिन)को समय दिई दरखास्त आव्हान गर्नेछ ।

(ख) खण्ड (क) बमोजिम दरखास्त आव्हान भएमा सम्बन्धित शिक्षकले अनुसुचि २ बमोजिमको विद्यालय विकास प्रस्तावको ढाँचामा व्यवस्थापन समितिले तोकेको म्यादभित्र विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले अनुसुचि ३ बमोजिमको प्रधानाध्यापक मूल्याकंन तथा छनौट समिति समक्ष पठाउनुपर्नेछ ।

(घ) खण्ड (क) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि प्रधानाध्यापक छनौट तथा मूल्याकंन समितिले अनुसूची–४ मा उल्लिखित आधारमा मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति समक्ष सिफारिस गर्नु पर्नेछ । तर साठी अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

(ङ) खण्ड (घ) बमोजिम सिफारिस प्राप्त भएमा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यदक्षता करार गरी व्यवस्थापन समिति आफैंले त्यस्तो उम्मेदवारलाई प्रधानाध्यापकमा नियुक्ति गर्नेछ ।

(च) प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा देखिएमा व्यवस्थापन समितिले निजलाई प्रधानाध्यापकको पदबाट जहिलेसुकै हटाउन सक्नेछ । तर त्यसरी प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(४) सामुदायिक विद्यालयमा नेपाल सरकारले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक तथा कर्मचारीको दरबन्दी रहनेछ ।

(५) उपदफा (४) बमोजिमका शिक्षक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**४२. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४३. प्रगति विवरण बुझाउनु पर्नेः**

(१) संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

**४४. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई संघीय कानुन बमोजिम मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः—

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर

भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**४५. विद्यालयमा गर्न रोक लगाइएका कार्यहरु**

(१) कुनै व्यक्ति, संस्था वा संघ /संगठनले विद्यालयमा देहाय बमोजिमका कार्यहरु गर्न पाइने छैनः

(क) विद्यालयमा कुनै पनि वहानमा विद्यालय बन्द गर्न, पठनपाठमा अवरोध गर्न तथा विद्यालयको शान्ति भङ्ग गर्न।

(ख) विवाह ब्रतवन्ध जस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रम गर्न ।

(ग) ठूलठूला आवाजमा भजन किर्तन गरी शान्ति भङ्ग गर्न ।

(घ) राजनैतिक दलका कुनै पनि सभा समारोह तथा कार्यक्रम सन्चालन गर्न ।

(ङ) प्रचलित कानुनले गर्न नहुने भनि तोकिएका कार्यहरु गर्न ।

(२) उपदफा (१) मा उल्लेखित खण्डहरु बमोजिमको कार्यहरु गरेको पाइएमा गाउँपालिकाले रु ५ हजार देखि ५० हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्डमा उल्लेखित कार्यहरु शिक्षक तथा प्रधानाध्यापकले गरेको पाइएमा उपदफा (२) बमोजिमको जरिवानमा १० प्रतिशत रकम थप गरी सजाय गर्न सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम गरिएको सजाय उपर जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

**४६. प्रधानाध्यापक तथा शिक्षक/ कर्मचारीको विदा सम्वन्धी व्यवस्थाः**

(१) प्रधानाध्यापक/शिक्षक तथा कर्मचारीले विदा सुविधा नभई सहुलियतको रुपमा पाउने छन् ।

(२) विदा सम्वन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

(३) संघीय कानुन अनुसार महिला शिक्षक/कर्मचारी प्रसुति विदामा बसेको अवधिमा सम्वन्धित विद्यालयको पठनपाठन प्रभावित हुने भएमा गाउँपालिकाले कार्यविधि बनाइ सट्टा शिक्षकको व्यवस्थापन गर्न सक्नेछ ।

**४७. पुनरावेदनः**

यस ऐनमा अन्यत्र लेखिएको व्यवस्था बाहेक तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**४८. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यन्वयन गर्न गाउँपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ

**४९. संक्रमणकालीन व्यवस्था**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्नसक्नेछ ।

**५०. बाधा अडकाउ फुकाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५१. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना—मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) संविधान, संघीय र प्रदेश कानुन सँग बाझिएको यस ऐनका दफा तथा उपदफा बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

(४) यस अघि कानून वमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन।

(५) यस अघि कार्यपालिकाबाट जारी भएको शिक्षा सम्वन्धी कानुन, कार्यविधिहरु खारेज गरिएको छ । कानून तथा कार्यविधि अनुसार भए/गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसूची १

(दफा (३) को उपदफा (१) सँग सम्बन्धित)

**विद्यालय खोल्ने / कक्षा थप गर्ने अनुमतिको लागि दिइने निवेदन**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
बुढीगंगा गाउँपालिका मोरङ ।

विषयः विद्यालय खोल्ने/ कक्षा थप गर्ने अनुमति सम्बन्धमा ।

महोदय,

शैक्षिक सत्र .................... देखि ..................... तहको विद्यालय
खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) प्रस्तावित विद्यालयको

१. नामः

२. ठेगानाः

३. किसिमः

(१) सामुदायिक (२) संस्थागत

(अ) कम्पनी (आ) शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षाः

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः

(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधारः

१. भवनः

(१) संख्याः

(२) कच्ची/पक्की/अर्ध पक्की

(३) आफ्नै / बहालमा / सार्वजनिक

२. कोठाको विवरणः

| कोठाको संख्या | लम्बाइ | चौडाइ | उचाइ | झ्याल ढोकाको अवस्था | प्रकाश र बत्तिको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. फर्निचरको संख्याः

(१) डेक्स (२) बेञ्च

(३) टेबल (४) दराज

(५) मेच (६) अन्य

४. खेलकूद मैदानको अवस्था र जग्गाः (रोपनी वा विगाहामा)

५. शौचालयको संख्या

(१) छात्रले प्रयोग गर्ने (२) छात्राले प्रयोग गर्ने

६. खानेपानीको अवस्थाः

७. पुस्तकालयको अवस्था तथा पुस्तकको संख्याः

८ प्रयोगशालाः सामग्रीः

९. सवारी साधनको विवरणः—

१०. शैक्षिक सामग्रीको विवरणः—

(ग) विद्यार्थी संख्याः (प्रस्तावित)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | | | | | | | | | |
| संख्या | | | | | | | | | |

(घ) शिक्षक संख्याः (प्रस्तावित)

(ङ) आर्थिक विवरणः (प्रस्तावित)

१. अचल सम्पत्तिः

२. चल सम्पत्तिः

३. वार्षिक आम्दानीः

४. आम्दानीको स्रोतः

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सँहुला बुझाउँला ।

निवेदकको,–

सही

नाम

ठेगाना

मिति

संलग्न गर्नु पर्ने कागजातहरु

(१) शैक्षिक गुठीको विधान वा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि

(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पा"च वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।

(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

(४) सम्बन्धित वडाको सिफारिस पत्र ।

(५) नजिकका छिमेकी कम्तिमा ३ वटा सामुदायिक विद्यालयको सहमति पत्र

अनुसुचि २

दफा ४० को उपदफा ३को खण्ड ख सँग सम्वन्धित

विद्यालय विकास प्रस्तावको ढाँचा

१ परिचय

२ दूरदृष्टि लक्ष्य, उद्देश्य

३ विद्यालयको विद्यमान अवस्था

निम्न सूचनामा आधारित भई विश्लेषण गर्नेः

क) सेवाक्षेत्रको जनसंख्या

ख) विद्यालयको भौतिक अवस्था

ग) विद्यालयको शैक्षिक अवस्था

घ) विद्यालय समुदायको सम्वन्ध

ङ) विद्यालयको आर्थिक अवस्था

४ प्रस्तावित योजना (रणनीतिक तथा कार्यनीति सहित )

५ वार्षिक कार्यान्वयन कार्ययोजना

६ संस्थागत क्षमता विकास

क) जनशक्ति विकास

ख) भौतिक संरचना विकास

अनुसूची ३

(दफा ४० को उपदफा ३ को खण्ड ग सँग सम्बन्धित)

**सामुदायिक विद्यालयको प्रधानाध्यापक मूल्यांकन तथा छनौट समिति**

क. सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको व्यक्ति —संयोजक

ख. गाउँपालिकाको शिक्षा शाखा प्रमुख —सदस्य

ग. शिक्षा विकास तथा समन्वय इकाइले मनोनित गरेको कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यालय वा विश्वविद्यालय तहमा अध्यापन गराउने कम्तिमा माध्यमिक तह द्वितीय श्रेणी वा सो सरहको विज्ञ १ जना —सदस्य

तर विद्यालयले पत्राचार गरी शिक्षा विकास तथा समन्वय इकाइबाट विज्ञ मगाउँदा उपलब्ध हुन नसकेमा उल्लेखित योग्यता बमोजिमको विज्ञलाई प्रधानाध्यापक मूल्यांकन तथा छनौट समिति आफैंले मनोनित गरी समितिमा राख्नलाई बाधा पर्ने छैन।

अनुसुचि ४

दफा ४० को उपदफा ३ को खण्ड घ सँग सम्वन्धित

प्रधानाध्यापक छनौट तथा मूल्याकंनका आधारहरु

| | | |
|---|---|---|
| १ | वैयक्तिक विवरण | ३० अंक |
| क | न्युनतम शैक्षिक योग्यता ( प्रथम श्रेणी भए १०, द्वितीय श्रेणी भए ८, तृतीय श्रेणी ६) | १० |
| ख | माथिल्लो शैक्षिक योग्यता वापत ( प्रथम श्रेणी भए ५, द्वितीय श्रेणी भए ३, तृतीय श्रेणी २) | ५ |
| ग | अनुभव (प्रतिवर्ष १ अंकका दरले स्थायी सेवा अवधिको मात्र) | १० |
| घ | न्यनतम ३० कार्यदिनको शैक्षिक व्यवस्थापन तालिम वापत ( प्रथम श्रेणी भए ५, द्वितीय श्रेणी भए ३, तृतीय श्रेणी २) | ५ |
| २ | विद्यालय विकास प्रस्ताव | ७० अंक |
| क | दुरदृष्टी, लक्ष्य, उद्देश्य | ५ |
| ख | विद्यालयको विद्यमान अवस्थाको विश्लेषण | १० |
| ग | प्रस्तावित विद्यालय विकास योजना (रणनीति र कार्यनीति सहित) | ४० |
| | शैक्षिक | १५ |
| | भौतिक | ५ |
| | आर्थिक | ५ |
| | व्यवस्थापकीय | १५ |
| घ | वार्षिक कार्यान्वयन कार्ययोजना | १० |
| ङ | संस्थागत क्षमता विकास योजना | ५ |

आज्ञाले

**गिरिराज भट्टराई**

प्रमुख प्रशासकीय अधिकृत